### मिति २०७५।४।२५ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

निर्णय नं. १ :- स्थानीय तहको लागि ओमसतिया गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५ सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :- ओमसतिया गाउँपालिका स्तरीय तिज गित प्रतियोगिता २०७५।५।२२ गते शुक्रवारका दिन श्री ठुटिपिपल मा.वि.को प्राङ्गणमा गर्ने र यसको व्यवस्थापनको लागि गा.पा. उपाध्यक्ष ज्यूको संयोजकत्वमा ६ सदस्य कमिटी गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :- माटो ढुवानी ईजाजत प्रमाण पत्र दिंदा वार्षिक शुल्कको रुपमा प्रति टेक्टर रु. ५०००।- (पाँच हजार मात्र), जे.सि.बि.को रु. २००००।- (विस हजार), टिप्परको लागि ६ चक्केको १००००।- (दश हजार ), १० चक्केको लागि १५०००।- (पन्ध्र हजार) , भ्याकु लोडरको २००००।- (विस हजार) र स्काईभेटर चेनवालाको २५०००।- (पच्चिस हजार) लिने भनी सर्वसम्मत रुपमा निर्णय गरियो ।

निर्णय नं. ४ :- ओमसतिया गाउँपालिकाको वार्ड नं १ मा हाल सम्म एउटा पनि स्वास्थ्य ईकाई नभएकोले २०७५ आश्विन मसान्त सम्म स्वास्थ्य ईकाई संचालन गर्ने र सो संचालनको गर्न लागि गा.पा. भित्रका स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरु परिचालन गर्ने निर्णय गरियो । साथै ठुटिपिपल चोकमा रहेको माछा फारमको नयाँ भवन प्रयोग गर्नको लागि माछा फारम तथा जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :- आ.व. २०७४।०७५ को आन्तरिक लेखा परिक्षण गरि सहयोग गरिदिनको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय भैरहवामा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :- हाल कार्यरत करारका कर्मचारीहरुको कार्य संतोषजनक छ भनि सम्बन्धीत क्षेत्रबाट सिफारिस भै आएमा गाउँपालिकाले करार कर्मचारीहरुको म्याद थप्ने निर्णय गरियो ।

निर्णय नं. ७ :- पदाधिकारीहरुको हकमा प्रदेश सरकारले तोके अनुसारको सुविधा उपलब्ध गराउने र गा.पा.बाट हुन सक्ने सुविधा देहाय बमोजिम हुने ।

(क) प्रत्येक वडा अध्यक्षहरुको विगत ईन्धन सुविधामा मासिक १५ लिटर थप गरी ४५ लि.गर्ने ।

योजना

(ख) प्राविधिक कर्मचारीको हकमा मासिक ३० लिटर ईन्धन सुविधा उपलब्ध गराउने ।

(ग) गाउँपालिका अध्यक्षको हकमा प्रति महिना अधिकतम ३५० लिटर सुविधा उपलब्ध गराउने ।

(घ) गाउँपालिका उपाध्यक्षलाई मासिक ईन्धन सुविधा अधिकतम ५० (पचास) लिटर उपलब्ध गराउने ।

(ङ) प्रमुख प्रशासकिय अधिकृतहरुको हकमा अधिकतम मासिक ईन्धन खर्च २५० लिटर उपलब्ध गराउने ।

(च) गाउँपालिका अध्यक्षको अतिथी सत्कारमा मासिक अधिकतम ३० हजार उपलब्ध गराउने ।

(छ) अन्य कर्मचारीको हकमा कार्यालयमा हाजिर भएको दिनको प्रतिदिन ५० (पचास) रुपैया खाजा खर्च उपलब्ध गराउने ।

(ज) अन्य कर्मचारीहरुको सेवा सुविधा पूर्ववत हुने ईन्धन र संचार सुविधा यथावत ।

निर्णय नं. ९ :- सामुदायिक विकास कोषको कार्यविधी सर्वसम्मत रुपमा पास गरियो

निर्णय नं. १० :- प्रस्ताव नं. ३ मा छलफल गर्दा ओमसतिया भवन निर्माण मापदण्ड २०७५ सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ११ :- गाउँपालिका दर्ता भएका राहत सम्बन्धी निवेदनहरु विपत व्यवस्थापन समितिमा पेश गरि सो समितिको निर्णयका आधारमा विपत व्यवस्थापन नियमावलीका आधारमा औचित्य पूर्ण तरिकाले वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ :- वार्ड नं. ६ को स्वास्थ्य चौकीमा ल्याव संचालनको लागि कर्मचारी र सामाग्रीको व्यवस्थापन गरि २०७५ आश्विन मसान्त सम्म संचालनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. १३- हरेक वडा कार्यालयले आ-आफ्नो वडा भित्र टोल टोलमा टोल सुधार समति गठन गरि सोको जानकारी गा.पा.मा पठाउने निर्णय गरियो ।

निर्णय नं. १४:- वडा नं. ६ को मझौली हाटवजार ठेक्का दिने क्रममा न्यूनतम ६० (साठी) हजार कायम राखी अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. १५:- कर्मचारी हेरफेर सम्बन्धमा गा.पा प्रमुखको निर्देशनमा प्रमुख प्रशासकिय अधिकृतले गर्ने निर्णय गरियो ।

निर्णय नं. १६:- जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटलाई लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ :- गा.पा. भित्रका सरकारी कार्यालय र विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १८:- स्वास्थ्य चौकीको भवन निर्माण सम्बन्धमा पेश भएको फाईल सम्बन्धीत निकायमा पठाउने निर्णय गरियो ।

निर्णय नं. १९:- गत आ.व.मा टेण्डर भएको हेण्ड पम्पको सामाग्री स्टोरको अभावका कारण ५० प्रतिशत मात्र आएको र अन्य बाँकी सामाग्रीको स्टोर गर्ने ठाउँको अभाव भएकोले हेण्ड पम्प सप्लाई सम्झौतालाई २०७५।५।२४ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २० :- आ.व. २०७५।०७६ को राजश्व शिर्षकमा छुट भएका निम्न शिर्षकहरुमा निम्न अनुसार दर कायम गर्ने निर्णय गरियो ।

१. उद्योग सिफारिस शुल्क - ५०० ( पाँच सय मात्र)

२. व्यवसाय सिफारिस - ३०० (तीन सय)

३. अन्य - २०० (दुई सय )

४. उद्योग संचालन दर्ताको लागि सर्जमिन मुचुल्का गर्दा लाग्ने शुल्क :

- ठुला - ५०००।- (पाचँ हजार )
- मझौला - ३०००- ( तीन हजार )
- साना - २०००।- (दुई हजार)
- अन्य - १५००।- (एक हजार पाँच सय )

राजु नेपाल
प्रमुख प्रशासकिय अधिकृत